# जनताबीच संविधानको प्रारम्भिक मस्यौदा

भुवन केसी/तिलक पाठक

***प्रकाशित मितिः*** साउन १८, २०७२

निकै लामो प्रतिक्षापछि संविधानको प्रारम्भिक मस्यौदा जनताबीच पुग्यो । केही ठाउँमा अवरोध भएपनि जनताले व्यापक उत्साहका साथ सुझाव दिए । सरकारी तथा गैरसरकारी क्षेत्रबाट पनि व्यापक सुझाव आयो । यसले संविधान जारी हुने विश्वास बढायो । नेताहरुले फास्ट ट्र्याकमा संविधान जारी हुने भनेपनि मितिबारे अन्योल कायमै रह्यो । उनीहरुले संविधान जारी हुने मिति पटक पटक फेरे । संविधान निर्माण प्रक्रियाको विरोधमा रहेका दलहरुलाई मुख्य दलहरुले विश्वासमा ल्याउन सकेनन् ।

## जनतासमक्ष मस्यौदा

संविधानसभा नियमावली अनुसार संविधानको प्रारम्भिक मस्यौदा संविधानसभामा पेश गर्नु सात दिनअघि सभासद्हरुलाई उपलब्ध गराउनुपर्ने थियो । तर, प्रकृया छिटो अघि बढाउन नियमावलीको त्यस प्रावधानलाई संविधानसभाले निलम्बन गऱ्यो । र, सोहीअनुसार संविधानको प्रारम्भिक मस्यौदा संविधानसभामा पेश गरियो । संविधानसभामा संविधानको मस्यौदामाथि छलफल गर्दा संघीय राज्यको सिमाङ्कन र नाम पछि टुंगो लगाउने वा अहिले नै भन्नेमा सभासद्हरु विभाजित भए । काँग्रेस सभासद् बिमलेन्द्र निधिले राज्यहरुको सिमाङ्कन र नामविना संविधान जारी गर्न नहुनेमा जोड दिए ।[1]

छलफलपछि संविधानसभाले असार २२ गते बढीमा १५ दिनभित्र जनताको रायसहित प्रतिवेदन संविधानसभा पेश गर्न संविधानसभाको नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिलाई निर्देशन दियो । त्यसपछि संविधानसभा सुझाव समितिले जनताको राय संकलन गर्ने प्रकृयालाई तिव्रता दियो । संविधानबारे सभासद्हरुले राय संकलन गर्नका लागि साउन ४ र ५ गते तोकियो भने त्यस अतिरिक्त पनि जनताको राय सुझाव लिन सकिने व्यवस्था गरियो । सरकारले सडक मार्गबाट जान अप्ठयारो र समय लाग्ने ठाउँमा सभासद् जानका लागि हेलिकप्टरको व्यवस्था गर्ने निर्णय गऱ्यो । र, संविधानसभा सचिवालयले सभासद्हरुले लिने सुझावका लागि संविधानको मस्यौदाका प्रतिसहित कर्मचारीहरुलाई जिल्ला जिल्ला पठायो । सुझाव समितिका अनुसार नागरिकहरुको राय सुझाव संकलन गर्नका लागि केन्द्रीयस्तरबाट ५ हजार प्रति राजपत्र, २ लाख ३० हजार प्रति मस्यौदा र एक लाख प्रति मस्यौदाका विशेषतासम्बन्धी पुस्तिका छपाइयो ।

---

[1] बुढाथोकी, विष्णु । संविधानको मस्यौदामा सरकारका मन्त्रीकै विरोध । Retrieved August 2, 2015 from http://setopati.com/raajneeti/30458/

संविधानबारे सुझाव दिनका लागि काँग्रेस सभापति एवं प्रधानमन्त्री सुशील कोइराला, एमाले अध्यक्ष केपी शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल लगायतले जनतालाई आह्वान गरे । अन्तर्राष्ट्रिय समुदायका तर्फबाट नेपालका लागि संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधिले प्रेस विज्ञप्ति प्रकाशित गरी संविधानको मस्यौदा सुझावका लागि जनताकहाँ पुग्न लागेकोमा खुशी व्यक्त गरे । सुझाव संकलन प्रक्रियालाई वृहत र प्रभावकारी बनाउन सरकारले सभासद्हरुले सुझाव संकलन गर्ने दिन साउन ४ र ५ गते सार्वजनिक बिदा दिने निर्णय गर्‍यो । सभासद्हरुले जनताको राय सुझाव लिने दिन केही क्षेत्रमा भने अवरोध सिर्जना भयो । जनताको सुझाव संकलन गर्न सिराहा पुगेका एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालमाथि ढुंगामुढा प्रहार भयो भने एमालेका नेता माधवकुमार नेपाललाई रौतहटमा आक्रमण भयो । तराईका क्षेत्रमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चामा आवद्ध दलहरु र मकवानपुरमा राप्रपा नेपालले अवरोध गर्ने प्रयास गरे । सुझाव संकलनको विरोधमा मोर्चाले तराईका जिल्लामा बन्द आह्वान गर्‍यो । आफ्ना नेता तथा कार्यकर्तामाथि प्रहरी दमन भएको भन्दै राप्रपा नेपालले साउन ६ गते मकवानपुर लगायत केही जिल्लामा बन्दको आह्वान गर्‍यो ।

संविधानसभाको निर्देशनअनुसार संविधान सुझाव समितिले साउन ७ गतेसम्ममा प्रतिवेदन बुझाउनुपर्ने थियो । तर, जिल्ला जिल्ला पुगेका सभासद्हरुबाट प्रतिवेदन आउन ढिलाइ भएपछि समितिको प्रतिवेदनमा ढिलाइ भयो । संविधानको प्रारम्भिक मस्यौदामा जनताको राय आइसकेपछि काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकका नेताहरुले जनताबाट आएका सुझावका आधारमा छुटेका र कतिपय विषयलाई सच्याउने निर्णय गरे । र, चार दलका शिर्ष नेताहरुले जनताबाट आएका सुझावलाई केलाएर सूचीकृत गर्न प्रमुख  सचेतकहरुलाई जिम्मा दिए । जनताबाट सुझाव आएपछि संविधानसभा सचिवालयले साउन मसान्तभित्र संविधान जारी गर्ने गरी कार्ययोजनाको खाका तयार पार्‍यो ।

साउन ११ गते संविधान सुझाव समितिले संविधानको प्रारम्भिक मस्यौदामाथि जनताको राय सुझावसहितको प्रतिवेदन संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई बुझायो । समितिकाअनुसार सुझाव संकलनमा स्वदेशमा १ लाख ८४ हजार ६ सय ७४ जनाको सहभागिता रह्यो भने तिनीहरुबाट १ लाख ५३ हजार १ सय ९३ वटा सुझाव प्राप्त भए । वेबसाइट, इमेल, टोल फ्रि, फ्याक्स र पोष्टबक्स र समितिमा सोझै गरी ३३ हजार ७ सय ५३ वटा सुझाव प्राप्त भए । त्यस अतिरिक्त विदेशबाट ४ हजार ९ सय ९५ वटा सुझाव प्राप्त भए ।

समितिका अनुसार जनताले प्रस्तावना धेरै लामो भन्दै पुनर्लेखन गर्न, प्रस्तावनाबाट समाजवाद हटाउन, पूर्ण प्रेस स्वतन्त्रता थप्न सुझाव दिएका थिए । यस्तै धार्मिक स्वतन्त्रता राख्न, धार्मिक स्वतन्त्रतासहितको हिन्दु राष्ट्र बनाउन, राष्ट्रिय जनावर गाई राख्न, आमाको नामबाट पनि नागरिकता पाउने व्यवस्था राख्न, गैर आवासिय नेपालीलाई पनि राजनैतिक अधिकार दिन, प्रदेशको सिमाङ्कन र नामाङ्कन संविधानसभाबाट नै निर्धारण गर्न, प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था गर्न सुझाव दिएका थिए । सबै सभासद्हरुको न्यूनतम शैक्षिक योग्यता तोक्न, एउटै व्यक्ति सभासद्मा दुई पटकभन्दा बढी

उठ्न नपाउने व्यवस्था गर्न, संवैधानिक अदालत स्थायी रुपमा रहनुपर्ने लगायतका सुझाव पनि थिए । 'संविधानको विधेयकको पहिलो मस्यौदा नेपाली नागरिकहरुबीच छलफल भइ प्राप्त भएको राय सुझाव वा प्रतिक्रियामार्फत भावी संविधानमाथि नेपाली जनताको अपनत्व सिर्जना भएको छ', समितिको प्रतिवेदनमा उल्लेख छ ।

त्यसपछि नेताहरु संविधानका विषयवस्तुमाथि पुन छलफल गर्न थाले । उनीहरुबीच नागरिकता र धर्मसम्बन्धीको व्यवस्थालाई थप स्पष्ट पार्ने सहमति भयो । एमाले केन्द्रीय कमिटीको बैठकले जनताबाट प्राप्त सुझावलाई अधिकतम रूपमा मस्यौदामा समेट्न पार्टीले सबै पक्षसँग गम्भीर छलफल चलाइरहेको र साउन मसान्तभित्रै संविधान जारी गर्ने कुरालाई केन्द्रबिन्दुमा राखेर पार्टी अगाडि बढ्ने निर्णय गऱ्यो ।[2] साउन १२ गते सुझाव समितिको प्रतिवेदन संविधानसभामा पेश भयो । दुई दिन छलफल भएपछि संविधानसभाले जनताको सुझाव ग्रहण गर्ने गरी चार दिनको समय दिएर संविधान सुझाव समितिको प्रतिवेदन संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने निर्णय गऱ्यो । साउन १४ गते बसेको संवाद समितिका बैठकले संविधानका विवादित विषयमा सहमति खोज्नका लागि समितिका सभापति बाबुराम भट्टराईको संयोजकत्वमा काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकका शीर्ष नेता रहेको उच्चस्तरीय विशेष समिति गठन गऱ्यो । त्यसपछि शीर्ष नेताहरु जनताबाट आएका विषयलाई समेत समेटेर विवादित विषयमा सहमति खोज्न केन्द्रीत भए ।

## मधेशी र राप्रपा बाहिर

संविधान निर्माण प्रकृयाप्रति तराई मधेश केन्द्रीत चार दल र राप्रपा नेपालले भने असन्तुष्टि व्यक्त गरे । असार १८ गते तराई मधेश लोकतान्त्रिक पार्टी, संघीय समाजवादी फोरम नेपाल, सद्भावना पार्टी र तराई मधेश सदभावना पार्टीका नेताहरुले भारतीय दुतावासमा पुगी संविधान निर्माणसम्बन्धी आफ्ना धारणा राखे । 'हाम्रो पोजिसन यो हो, हाम्रो बारेमा लागेका आरोपहरु यस्ता हुन् भनेर हामी आफ्नो पोजिसन बुझाउन उहाँ (राजदूत) लाई भेट्न गएका हौं'[3] तमलोपाका नेता हृदेयश त्रिपाठीले भने । संविधान निर्माण प्रकृयाको विरोध रहेका चारवटा मधेश केन्द्रीत दलहरुले आफ्ना कुरा राखेपछि संविधानसभाको बैठक पनि नियमित बहिस्कार गर्दै आए ।

राप्रपा नेपाल हिन्दु राष्ट्र कायम हुनुपर्ने माग सहित आन्दोलनतिर केन्द्रीत भयो । र, आन्दोलनका कार्यक्रम पनि सार्वजनिक गऱ्यो । जनतम संकलन नाटक हो भन्दै त्यस प्रकृयामा भाग नलिने निर्णय पनि गऱ्यो ।राप्रपा नेपालले भने नाराबाजी जारी राख्यो । मौलिक हकमा धर्म परिवर्तन गर्न पाइने व्यवस्था राखिएको भन्दै उसले विरोध गरेको हो । असार १९ गते काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकले धर्म परिवर्तनलाई मौलिक हकमा नराखिएको स्पष्ट पारेपछि संविधानसभाको अवरोध

[2] २०७२ साल साउन १२ गते नेकपा एमालेले जारी गरेको प्रेस वक्तव्य ।
[3] मधेसी नेताहरु भारतीय दूतावासमा । Retrieved August 4, 2015 from http://setopati.com/raajneeti/30367/ .

खुल्यो । उनीहरुबीच नयाँ संविधानमा धर्म परिवर्तन अधिकारको अर्थ लाग्न सक्ने कुनै पदावली नराख्ने सहमति भयो ।[4]

सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले संविधानको मस्यौदामा आफ्ना कुराहरु नसमेटिए काठमाडौंलाई नाकाबन्दी गर्ने चेतावनी दिए ।[5] संघीय समाजवादी फोरम नेपालले अन्तरिम संविधानले व्यवस्था गरेका महत्वपूर्ण अधिकारहरु नयाँ संविधानमा कटौती गरिएको आरोप लगायो । 'यसले केन्द्रीकृत र नियन्त्रित अर्थात् नाम मात्रको संघीयता प्रस्ताव गरेको छ । समावेशी लोकतन्त्रलाई कुण्ठित गरिएको छ । संघीयता र पहिचानलाई धरापमा पारेको छ'-[6] विरोध गर्नुको कारण खुलाउँदै फोरम नेपालले भन्यो । जनमत संकलनलाई असफल पार्न संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले मधेश बन्द आह्वान गर्‍यो । त्यतिबेला केही कार्यकर्तालाई गिरफ्तार र घाइते बनाइएको भन्दै मोर्चाले भन्यो, 'विगतको आन्दोलनहरुमा भएका सहमति र सम्झौताअनुरुप विभेदरहित, समानुपातिक समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान निर्माण गर्नका लागि संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आन्दोलन जारी नै रहनेछ ।'[7]

दलहरु बहिस्कार र आन्दोलनमा रहेका बेला एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले संविधान निर्माण प्रक्रियामा नरहेका दलहरुसँग छुट्टा-छुट्टै वार्ता गरे । तर, संघीय समाजवाद फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा भएका सहमति कार्यान्वयन हुने भएमात्र दलहरुसँग वार्ता हुने स्पष्ट पारे । काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकले वार्तामा आउन मधेशवादी दलहरुलाई आग्रह गरे । तर, त्यसलाई उनीहरुले बहिस्कार गरे । त्यसपछि प्रधानमन्त्री सुशील कोइरालाले तमलोपाका अध्यक्ष महन्थ ठाकुर र नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यसँग वार्ता गरे । मधेशी केन्द्रीत दलहरुले भने सीमाङ्कन  र नामविनाको संघीयता आफूहरुलाई मान्य नहुने भन्दै विरोध जारी राखे ।

चार दलले सीमाङकन र प्रदेशको नामविना आठ वटा प्रदेशसहित संविधान जारी गर्ने निर्णय गरेपछि राष्ट्रपति रामवरण यादव पनि त्यसमा सन्तुष्ट भएनन् । बरु, केही समय पछि होस् तर सबै विषयमा छिनोफानो गरेर मात्र संविधान जारी हुनुपर्छ भन्ने उनको भनाइ थियो । त्यसैले असार २५ गते राष्ट्रपति यादवले काँग्रेस सभापति समेत रहेका प्रधानमन्त्री सुशील कोइराला, एमाले अध्यक्ष केपी शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदारसँग भेट गरे । सो अवसरमा राष्ट्रपति यादवले विवादित विषयलाई थाती नराखौं, समाधान गरौं भन्ने

---

[4] फुयाल, राजेन्द्र । असार २०, २०७२ । हट्यो अवरोध । कान्तिपुर, पृ.१ ।

[5] काठमाडौंलाई नाकाबन्दी सहित दानापानी बन्द गर्ने महतोको चेतावनी । Retrieved August 2, 2015 from http://setopati.com/raajneeti/30421/.

[6] २०७२ साल साउन ४ गते संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालको संविधान, २०७२ प्राम्भिक मस्यौदाको विरोध किन ? भनी निकालेको सामग्री ।

[7] २०७२ साल साउन ५ गते संयुत लोकतान्त्रिक मधेशी मोर्चाले जारी गरेको प्रेस विज्ञप्ति ।

लगायत सातवटा सुझाव दिए ।[8] संविधान निर्माण प्रकृयामा असन्तुष्ट रहेका जनजाति र मधेशी समुदायसँग भेट गर्दै राष्ट्रपति यादवले सबै समुदायले अपनत्व हुने गरी संविधान जारी गर्न नेताहरुलाई सुझाव दिए । राजनीतिक दलहरुले संविधान निर्माण फास्ट ट्रयाकमा गर्ने भन्दै प्रकृया समेत छोट्याउन थालेपछि राष्ट्रपतिले त्यसो नगर्न आग्रह गरे । साउन ८ गते संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङसँग भएको भेटमा राष्ट्रपति यादवले संविधान निर्माणको प्रकृया नछोट्टाउन आग्रह गरे ।

## आफ्ना कुरा राख्न धेरै सक्रिय

संविधानमा आफ्ना कुरा राख्न र पार्न सरकारी तथा निजी क्षेत्र सबै सक्रिय रहे । सर्वोच्च अदालतको मस्यौदा अध्ययन समितिले असार २० गते संवैधानिक अदालत नचाहिनेसहितको प्रतिवेदन बुझायो । प्रतिवेदनमा 'सर्वोच्च अदालतको समानान्तर रुपमा छुट्टै संवैधानिक अदालतको व्यवस्था हटाएर सर्वोच्चमै विशिष्टकृत रुपमा संवैधानिक अदालत रहने र सर्वोच्चको न्यायाधीशले मुद्दा हेर्ने व्यवस्था गर्नुपर्ने' सुझाव दियो ।[9] नेपाल पत्रकार महासंघले संविधानसभा अध्यक्ष नेम्वाङलाई भेटी संविधानमा प्रेस स्वतन्त्रता कुण्ठीत हुने प्रावधान नराख्न आग्रह गऱ्यो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि अध्यक्ष नेम्वाङलाई भेटी अधिकार कटौती नगर्न माग गऱ्यो । नेपाल प्रहरीले सशस्त्र प्रहरी बलमा रहेको प्रहरी शब्द हटाउन आग्रह गऱ्यो । नेपाल बार एशोसियसनले संवैधानिक अंगमा पुनर्नियुक्तिको व्यवस्था गर्न माग गऱ्यो ।

यस्तै अघिल्लो संविधानमा सहमति भइसकेका दलितका विषयलाई नयाँ संविधानमा पनि जस्ताको तस्तै राख्नुपर्ने माग गर्दै दलित समुदायले राजधानीमा धर्ना दिए । संविधानमा हिन्दू राष्ट्र हुनुपर्छ भन्ने लगायतमा माग राखी सुनसरी, पोखरा लगायतका ठाउँमा प्रदर्शन भए । काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकका नेताले संवैधानिक निकायका प्रमुखसँग छुट्टा-छुट्टै रुपमा छलफल गरे । उनीहरुले नयाँ संविधानमा अधिकार सिमित गर्न खोजिएको भन्दै त्यसो नगर्न सुझाव दिए । सर्वोच्च अदालतका प्रधान न्यायधीश कल्याण श्रेष्ठले संवैधानिक अदालत नचाहिने र न्यायाधीशको संख्या बढाउन, राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले स्वतन्त्रतामा हस्तक्षेप नगर्न, लोकसेवा आयोगका अध्यक्ष उमेश मैनालीले प्रादेशिक लोक सेवाको प्रावधान हटाउन, निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त दोलखबहादुर गुरुङले थ्रेस होल्डको व्यवस्था र चुनावको मिति

---

[8] १. राष्ट्रिय अखण्डता र अक्षुणताको संरक्षण विषय, २.गणतन्त्र, लोकतन्त्र र संघीयता संस्थागतको विषय, ३. स्वतन्त्र न्यायपालिका, संवैधानिक अंगहरु र सुरक्षा निकाय (विशेषत नेपाली सेनाको) नागरिक नियन्त्रण स्वतन्त्रता र व्यावसायिकतालाई उचित ध्यान दिँदा राम्रो हुने थियो । साथै ती संस्थाहरुको शक्ति सन्तुलन र उत्तरदायित्वलाई पनि ध्यान दिँदा राम्रो हुन्छ । ४. जनता सार्वभौम हुन् र उनीहरुको हक अधिकारको उचित ग्यारेन्टी र संरक्षणको व्यवस्था होस् । ५. विधिको शासन मजबुत होस् । ६. विवादका विषयमा अब थाती नराखौं, समाधान गरौं । ७. प्रेस स्वतन्त्रताको ग्यारेण्टी होस् । (संविधानको मस्यौदामा राष्ट्रपतिको ७ सुझाव Retrieved August 3, 2015 from http://www.onsnews.com/suggestion-by-president/

[9] संवैधानिक अदालत नचाहिने । असार २१, २०७२ । कान्तिपुर, पृ.१ ।

घोषणा गर्ने अधिकार निर्वाचन आयोगलाई दिन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीले अधिकारको दायरा बढाउन सुझाव दिए ।[10]

**भाका सार्दै नेताहरु**

१६ बुँदे सहमति गरेका दलहरु र संविधानसभा अध्यक्ष नेम्वाङमा संविधान जारी हुने मिति र त्यसको खाकाबारे अडान देखिएन । प्रधानमन्त्री सुशील कोइरालाले सिमाङ्कन पछिमात्र संविधान जारी हुने बताए । राष्ट्रपति यादवले संविधानका विवादित विषय टुंगो लगाएर अघि बढ्न सुझाव दिए लगत्तै त्यसमा सही थाप्दै असार २६ गते संविधानसभा अध्यक्ष नेम्वाङले सिमाङकनपछि मात्रै संविधान आउने बताए । उनले नेताहरुले चाहेमा आधा घण्टामा सिमाङ्कनको कुरा पनि मिल्ने नेम्वाङले दाबी गरे ।[11]

लगत्तै काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाले पनि सिमाङ्कनसहितको संविधान जारी हुने दाबी गरे । उनले यसबारे मधेशी दलहरुसँग अनौपचारिक छलफल पनि गरे ।[12] असार ३१ गते बसेको एमाले स्थायी समितिको बैठकले प्रधानमन्त्रीको भनाइ १६ बुँदे सहमति विपरित रहेको भन्दै आपत्ति जनायो । साउन ११ गते एमाओवादी नेता बाबुराम भट्टराईले मधेशी वुद्धिजीवीसँग छलफल गर्दै सिमाङ्कनसहितको संविधान ल्याउन सहमति भइसकेको बताए । विज्ञसँग परामर्श गरी एमाओवादी नेता भट्टराईले कार्यकारी प्रत्यक्ष हुनुपर्ने पक्षमा लविङ नै गरे ।

काँग्रेस, एमाले, एमाओवादी र फोरमका नेताहरुले साउन २० गतेभित्र संविधान जारी हुने बताए ।[13] त्यसको एक हप्तापछि काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकका नेताहरुको बैठक बस्यो । जसमा साउन २५ गतेभित्र संविधान जारी गर्ने सैद्धान्तिक सहमति बन्यो । साउन ९ गते प्रधानमन्त्री कोइरालाले साउन मसान्तभित्र संविधान जारी गर्ने बताए । सोही दिन नै काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकका नेताहरुले संविधानसभा अध्यक्ष नेम्वाङलाई भेटी साउन मसान्तभित्र संविधान जारी हुने गरी कार्यतालिका बनाउन आग्रह गरे ।

**दलहरुभित्र छलफल**

संविधानबारे राजनीतिक दलहरुभित्र पनि छलफल भयो । काँग्रेस संसदीय दलको बैठकमा संविधानसभाबाटै संघीयता टुंग्याउन दबाब पऱ्यो । धेरै जसो सदस्यले सर्वोच्च अदालतको आदेश र असन्तुष्ट दलहरुको आवाजलाई वेवास्ता गर्न नहुने भन्दै पार्टी नेतृत्वलाई संघीयताको नाम र सिमाङ्कनको विवाद संविधानसभाबाटै टुंग्याउनुपर्ने दबाब दिए ।[14] काँग्रेस बैठकमा यदि संघीयता टुंगो

---

[10] खनाल, दुर्गा । 'संसदीय अनुगमन नहोस्' । साउन १४, २०७२ । कान्तिपुर, पृ.१ ।
[11] बस्नेत, बालकृष्ण । असार २७, २०७२ । 'सिमाङ्कनपछि मात्र संविधान' । कान्तिपुर, पृ.१ ।
[12] बस्नेत, बसन्त । असार २८, २०७२ । सिमाङ्कन सुल्झाउने प्रयास तिव्र । कान्तिपुर, पृ.१ ।
[13] असार २०, २०७२ । कान्तिपुर टिभी ।
[14] न्यौपाने, कुलचन्द्र । असार १९,२०७२ । संविधानसभाबाटै संघीयता टुंग्याउन दबाब । कान्तिपुर, पृ. १ ।

नलागेमा त्यतिञ्जेलसम्म संविधानसभा कायम राख्ने सुझाव पनि आयो । उता, एमाओवादीको संसदीय दलको बैठकमा नाम र सीमाविना संघीयतामा सहमति जनाएको भन्दै नेतृत्वको आलोचना भयो । त्यसपछि असार २२ गते बसेको एमाओवादीको पदाधिकारीको बैठकले प्रदेशको सिमाङ्कन अहिले नै टुंगो लगाएर अघि बढ्न अरु दलहरुसँग पनि छलफल गर्ने निर्णय गर्‍यो । जनताबाट आएका रायबारे एमालेले व्यापक छलफल भयो । एमालेको पोलिटव्यूरोमा बोल्ने अधिकांश सदस्यले प्रत्यक्ष कार्यकारीमा जानुपर्ने सुझाव दिए । केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष केपी शर्मा ओलीले १६ बुँदे सहमतिभन्दा यताउता गरे तत्काल संविधान नबन्ने धारणा व्यक्त गरे ।

## नीति तथा कार्यक्रम पारित

व्यवस्थापिका संसदमा प्रिबजेटमा छलफल भयो । त्यसपछि असार २३ गते राष्ट्रपति रामवरण यादवले सरकारको तर्फबाट संसदमा नीति तथा कार्यक्रम पेश गरे । छलफलपछि असार २७ गते नीति तथा कार्यक्रम पारित भयो । नयाँ आर्थिक वर्षका लागि बजेट पेश हुनुभन्दा अघि विभिन्न राजनीतिक दलमा आवद्ध ५९ जना सभासद्हरुले प्रधानमन्त्री सुशील कोइरालासँग भेट गरी निर्वाचन क्षेत्र विकास कोषका लागि एक करोड बजेट पुर्‍याउन माग गरे । असार २९ गते संसदमा ८ खर्ब १९ अर्ब रुपैयाँको बजेट पेश गर्‍यो । जसमा निर्वाचन क्षेत्र विकास कोषका लागि २० लाख रुपैयाँ र प्रत्येक निर्वाचनका लागि एक करोड ५० लाख रुपैयाँ पुर्‍याइयो । जबकी आर्थिक वर्ष २०७१/०७२ मा निर्वाचन क्षेत्र विकास कोषका लागि १५ लाख र प्रत्येक निर्वाचन क्षेत्रका लागि एक करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

## निष्कर्ष

संविधान जारी गर्नका लागि राजनीतिक दलहरुले फास्ट ट्र्याकबाट अघि बढ्ने बताएपनि सोही अनुसार फटाफट काम हुन सकेन । जनताबाट सुझाव संकलनले स्वामित्व त बढायो । तर, त्यसमा आएका विषयलाई टिपोटका रुपमा राखेर प्रतिवेदन तयार पार्दा त्यसले जति महत्व पाउनुपर्ने थियो, त्यति पाएन । नेताहरुले जनताबाट आएका सुझावका आधारमा संविधानमा विषयवस्तुलाई समेट्ने भनेपनि त्यसरी सम्बोधन होला भनेर विश्वास गर्ने आधार भएन । किनकि आमसञ्चार माध्यमहरुले राजनीतिक दलहरुले यस अघि गरेका सहमति भन्दा फरक सुझाव धेरै आएको उल्लेख गरेका थिए । जबकी राजनीतिक दलहरुका पृष्ठभुमि र अडान हेर्दा विगतभन्दा यता उता गर्न सक्ने धेरै ठाउँ थिएन । संविधान जारी गर्ने समय पटक पटक फेर्दा साउन मसान्तभित्र संविधान आउनेमा पनि आशंका बढ्यो ।

## मुख्य राजनीतिक घटनक्रम

**असार १६ :**

- व्यवस्थापिका संसदको बैठक । प्रिबजेटमा छलफल ।

**असार १७:**

- काँग्रेस संसदीय दलको बैठक । संविधानको मस्यौदा निर्माण प्रकृया त्रुटीपूर्ण रहेको भन्दै नेतृत्वको आलोचना ।
- संविधानसभाको बैठक । सभासद्हरुलाई अध्ययनका लागि सभासद्लाई सात दिन समय दिने नियमावालीको व्यवस्था निलम्बन ।

**असार १८ :**

- तराई मधेश लोकतान्त्रिक पार्टी, संघीय समाजवादी फोरम नेपाल, सद्भावना पार्टी र संघीय समाजवादी पार्टीका नेताहरु भारतीय दुतावासमा । संविधानबारे आफ्नो धारणा व्यक्त ।
- संविधानसभाको बैठक । संविधानको प्रारम्भिक मस्यौदामाथि छलफल शुरु । राप्रपा नेपालद्वारा नाराबाजी ।
- काँग्रेस संसदीय दलको बैठक । बहुलवाद शब्द मस्यौदामा नपरेको भन्दै नेतृत्वको ध्यानाकर्षण । संविधानसभाबाटै संघीयता टुंग्याउन दबाब ।
- एमाओवादीको संसदीय दलको बैठक । नाम र सीमाविना संघीयतामा सहमति जनाएको भन्दै नेतृत्वको आलोचना ।

**असार १९ :**

- काँग्रेस, एमाले, एमाओवादी र राप्रपा नेपालबीच वार्ता । धर्म परिवर्तनलाई मौलिक हकका रुपमा नराख्ने सहमति । संविधानसभाको अवरोध खुल्यो ।

**असार २० :**

- काँग्रेस संसदीय दलको बैठक । संघीयताको विषय टुंगो नलागेसम्म संविधानसभालाई संसदमा परिणत गर्न नहुने सुझाव ।
- सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महत्तोद्वारा मस्यौदामा मधेशका माग नसमेटिए काठमाडौंलाई नाकाबन्दी गर्न आन्दोलन गर्ने चेतावनी ।
- राप्रपा नेपालद्वारा हिन्दुराष्ट्रको पुनर्स्थापना गर्नेसहितका आन्दोलनका कार्यक्रम घोषणा ।
- संविधानसभाको बैठक । मधेशी चार दलद्वारा बहिस्कार ।
- सर्वोच्च अदालतको मस्यौदा अध्ययन समितिद्वारा संवैधानिक अदालत नचाहिनेसहितको प्रतिवेदन तयार ।

**असार २१:**

- संविधानसभाको बैठक । संविधानको प्रारम्भिक मस्यौदामा छलफल । काँग्रेस नेता विमेलेन्द्र निधिद्वारा सिमाङ्कन र नामविनाको संघीयता जारी गर्न नहुनेमा जोड ।

**असार २२ :**

- संविधानसभाको बैठक । संविधानको प्रारम्भिक मस्यौदामा छलफल । बढीमा १५ दिनभित्र जनताको रायसहित प्रतिवेदन पेश गर्न नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिलाई निर्देशन ।
- एमाओवादीको पदाधिकारीको बैठक । प्रदेशको सिमाङ्कन अहिले नै टुंगो लगाएर अघि बढ्न अरु दलहरुसँग पनि छलफल गर्ने निर्णय ।

**असार २३ :**

- राष्ट्रपति रामवरण यादवद्वारा संसदमा सरकारको नीति तथा कार्यक्रम पेश ।

**असार २४ :**

- संविधानसभा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिद्वारा संविधानको मस्यौदामा जनताको राय सुझाव संकलन शुरु ।

**असार २५ :**

- राष्ट्रपति रामवरण यादवद्वारा काँग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष केपी शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदारसँग भेट । संविधानका विवादित विषयलाई टुंगो लगाएर संविधान जारी गर्न आग्रह ।
- सरकारको नीति तथा कार्यक्रमबारे संसदमा छलफल । एमाओवादीद्वारा संशोधन प्रस्ताव पेश ।
- अन्तर्राष्ट्रिय समुदायका तर्फबाट नेपालका लागि संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधिद्वारा प्रेस विज्ञप्ति प्रकाशित । संविधानको मस्यौदा सुझावका लागि जनतामा जान लागेकोमा खुशी व्यक्त ।
- काँग्रेस केन्द्रीय कार्य समितिको बैठक । महाधिवेशन असोज २ गते गर्ने निर्णय ।
- संविधानसभा राजनीतिक संवाद सहमति समितिद्वारा १६ बुँदे सहमतिका बारेमा संविधानसभाको कुनै सरोकार नभएको भनाइसहित सर्वोच्च अदालतलाई जवाफ ।

**असार २६ :**

- संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङद्वारा सिमाङ्कनपछि मात्रै संविधान जारी हुने भनाइ ।

**असार २७ :**

- नेपाल पत्रकार महासंघद्वारा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई ज्ञापनपत्र । प्रेस स्वतन्त्रता कुण्ठीत हुने प्रावधान संविधानमा नराख्न सुझाव ।

- जनजाति र मधेशी बुद्धिजीवीहरुद्वारा राष्ट्रपति रामवरण यादवसँग भेट । सबै समुदायले अपनत्व हुने गरी संविधान जारी गर्न यादवद्वारा नेताहरुलाई सुझाव ।
- व्यवस्थापिका संसदको बैठक । सरकारको नीति तथा कार्यक्रम पारित ।
- विभिन्न दलमा आवद्ध ५९ जना सभासद्हरुद्वारा प्रधानमन्त्री सुशील कोइरालासँग भेट । निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि बजेट एक करोड रुपैयाँ पुऱ्याउन आग्रह ।

**असार २८ :**

- राप्रपा नेपालको संसदीय दलको बैठक, जनमत संकलन नाटक भन्दै भाग नलिने निर्णय ।
- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिका नेताहरु झापामा । साउन २० गतेभित्र संविधान जारी गर्ने भनाइ ।

**असार २९ :**

- नेविसंघका कार्यकर्ताद्वारा अध्यक्ष तथा सभासद् रञ्जित कर्णमाथि आक्रमण ।
- अर्थमन्त्री रामशरण महतद्वारा व्यवस्थापिका संसदमा ८ खर्व १९ अर्वको बजेट पेश । मुख्य प्रतिपक्षी दल एमाओवादीद्वारा सरकारले खुट्टा कमाएको आरोप ।
- अघिल्लो संविधानसभामा सहमति भइसकेका दलितका विषय जस्ताको तस्तै राख्नुपर्ने माग गर्दै दलित समुदाय र नागरिक समाजद्वारा राजधानीमा प्रदर्शन ।

**असार ३० :**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा संविधान अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई ज्ञापनपत्र । अधिकार कटौती नगर्न माग ।

**असार ३१ :**

- एमाले स्थायी समतिकिो बैठक । प्रधानमन्त्री सुशील कोइरालाले १६ बुँदे सहमति विपरित अभिव्यक्ति दिएको भन्दै आपत्ति ।

**साउन १ :**

- मन्त्रिपरिषद्को बैठक । संविधानको मस्यौदामा जनताको सुझाव लिन साउन ४ र ५ गते सार्वजनिक बिदा दिने निर्णय ।

**साउन २ :**

- नेपाल प्रहरीद्वारा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई ज्ञापनपत्र । सशस्त्र प्रहरी बलको प्रहरी शब्द हटाउन आग्रह ।
- धर्म निरपेक्ष उल्लेख गरिएको भन्दै भक्तपुरमा राप्रपा नेपालले मस्यौदा जलायो ।

**साउन ४ :**

- संविधानको मस्यौदामा जनतासँग सभासद्हरुद्वारा राय सुझाव संकलन । मधेशका केही क्षेत्रमा अवरोध ।
- जनताको सुझाव संकलन गर्न सिराहा पुगेका एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालमाथि ढुंगामुढा प्रहार । एमालेका नेता माधवकुमार नेपालमाथि पनि रौतहटमा आक्रमण ।

**साउन ५ :**

- सयुक्त लोकतान्त्रिक मधेसी मोर्चाद्वारा तराईका विभिन्न जिल्ला बन्द आयोजना ।
- नेपाल बार एशोसियसनद्वारा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई ज्ञापनपत्र । संवैधानिक अंगमा पुनर्नियुक्तिको व्यवस्था गर्न माग ।

**साउन ६ :**

- राप्रपा नेपालद्वारा दमन भएको भन्दै हेटौडालगायत तराईका विभिन्न ठाउँ बन्द ।

**साउन ७ :**

- संविधानसभाद्वारा संविधानको मस्यौदामा राय सुझाव संकलन गरी प्रतिवेदन बुझाउन नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिलाई दिएको समय समाप्त ।

**साउन ८ :**

- नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीद्वारा नेपाल बन्द । केही ठाउँमा गाडीमा तोडफोड ।
- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकको शिर्ष नेताहरुको बैठक । साउन २५ गते संविधान जारी गर्ने सैद्धान्तिक सहमति ।
- राष्ट्रपति रामवरण यादव र संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङबीच भेटवार्ता । संविधान निर्माणको प्रकृया नछोट्याउन राष्ट्रपतिको आग्रह ।
- एमाओवादी अध्यक्ष पुष्पकमल दाहालद्वारा संविधान निर्माण प्रकृयामा रहेका दलहरुका नेताहरुसँग छुट्टा छुट्टै भेट ।

**साउन ९ :**

- प्रधानमन्त्री सुशील कोइरालाद्वारा साउन मसान्तभित्र संविधान आउने दाबी ।
- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिका शिर्ष नेताहरुद्वारा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङसँग भेट । साउन मसान्तभित्र संविधान जारी गर्ने गरी कार्यतालिका बनाउन आग्रह ।
- एमाले पोलिट्ब्यूरो बैठक । प्रत्यक्ष कार्यकारीमा जान जोड ।

- संवाद समितिका सभापति बाबुराम भट्टराईद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा माहौल सिर्जना गर्न अभियान शुरु ।
- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकको शिर्ष नेताहरुको बैठक । जनताबाट आएका सुझावका आधारमा छुटेका र कतिपय विषयलाई सच्याउने निर्णय ।

**साउन १० :**

- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकका शिर्ष नेताहरुबीच वार्ता । जनताबाट आएका सुझावहरुलाई केलाएर सूचीकृत गर्न प्रमुख सचेतकहरुलाई जिम्मा ।
- एमाले केन्द्रीय कमिटीको बैठक । अध्यक्ष केपी शर्मा ओलीद्वारा १६ बुँदे सहमतिभन्दा यताउता गरे तत्काल संविधान नबन्ने धारणा व्यक्त ।
- संविधानसभा सचिवालयद्वारा साउन मसान्तभित्र संविधान जारी गर्ने गरी कार्ययोजना तयार ।

**साउन ११ :**

- नेपाल हिन्दु राष्ट्र हुनुपर्ने माग गर्दै पोखरा र सुनसरीमा प्रदर्शन ।
- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकबीच वार्ता । १६ बुँदे सहमतिअनुसार समयमै संविधान निर्माण गर्ने प्रतिबद्धता ।
- नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिद्वारा संविधानको मस्यौदामाथि जनताको राय सुझावसहितको प्रतिवेदन संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई हस्तान्तरण ।
- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिका शिर्ष नेताहरुको बैठक । जनताबाट सुझावमा आएका विषयबारे सचेतकद्वारा शिर्ष नेताहरुलाई जानकारी ।
- संवाद समितिका सभापति बाबुराम भट्टराईद्वारा मधेशी बुद्धिजीवीसँग छलफल । सीमाङकनसहितको संविधान ल्याउन सहमति भइसकेको जानकारी ।

**साउन १२ :**

- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकका शीर्ष नेताहरुको बैठक । नागरिकता र धर्मसम्बन्धी व्यवस्थालाई थप स्पष्ट पार्ने सहमति ।
- संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवद्वारा पत्रकार सम्मेलन । विगतमा भएका सहमति कार्यान्वयन गरेमात्रै वार्ता हुने भनाइ ।
- संवाद समितिका सभापति बाबुराम भट्टराईद्वारा विज्ञहरुसँग परामर्श । प्रत्यक्ष निर्वाचित कार्यकारीमा जानुपर्नेमा जोड ।
- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकद्वारा तराई मधेश केन्द्रीत दलहरुसँगको वार्ता आह्वान । मधेशवादी दलहरुद्वारा बहिस्कार ।
- संविधानसभाको बैठक । नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको प्रतिवेदन पेश ।

**साउन १३ :**

- काँग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिकद्वारा संवैधानिक निकायका प्रमुखसँग छुट्टा छुट्टै छलफल । अधिकार सिमित गर्न खोजिएको भन्दै त्यसो नगर्न सुझाव ।
- काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाद्वारा सिमाङ्कनसहितको संविधान जारी हुने दाबी ।
- संघीयता र समावेशीताविनाको संविधान आफूलाई मान्य नहुने संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको भनाइ ।
- प्रधानमन्त्री सुशील कोइरालाद्वारा संविधान निर्माण प्रकृयामा असन्तुष्ट रहँदै आएका नेकपा माओवादीका अध्यक्ष मोहन बैद्य र तमलोपाका अध्यक्ष महन्थ ठाकुरसँग छुट्टा छुट्टै वार्ता ।
- संविधानसभाको बैठक । जनताका सुझाव ग्रहण गर्ने गरी चार दिनको समय दिएर नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको प्रतिवेदन संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने निर्णय ।

**साउन १४ :**

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । समिति सभापति बाबुराम भट्टराईको संयोजकत्वमा चार दलका शिर्ष नेताहरु रहेको उच्चस्तरीय विशेष समिति गठन ।

**साउन १५ :**

- शीर्ष नेताहरु रहेको विशेष समितिको बैठक । जनताबाट प्राप्त सुझावबारे सहमति बनाउने प्रयास ।